

संजीव पौडेल

# निर्णय प्रक्रियामा कृषकको सहभागिता

चिरञ्जीवी भट्टराई

कृषि क्षेत्र तथा कृषक समुदाय सभ्यताको विकासका सहयात्री हुन् । मानिसका लागि नभई नहुने खाद्यवस्तु कृषि क्षेत्रबाट नै प्राप्त हुन्छ । विश्वको एक तिहाई सक्रिय जनशक्ति यसै पेशामा आबद्ध छन् । त्यसैले नेपालजस्तो अल्प-विकसित देशका लागि कृषक र कृषि क्षेत्र आर्थिक विकासको मेरूदण्ड नै हो जसलाई विकासको मूलधारमा नल्याई वास्तविक अर्थमा देशको विकास सम्भव हुँदैन र कृषकलाई सहभागी नगराई मुलुकको विकासका कार्यक्रम सफल हुन पनि सक्दैनन् । यो यथार्थलाई नीति निर्माण गर्ने वर्तमान संयन्त्रहरूमा भने यथोचित महसुस गरिएको र कृषकको प्रतिनिधित्व हुने गरी ती समुदायको संस्थागत विकासको लागि कार्य गरिएको पाइन्न । अतः राष्ट्रियदेखि स्थानीयस्तरसम्म कृषकहरूको संस्थागत प्रतिनिधित्व एवं सहभागिता सुनिश्चित गर्न उनीहरूको संस्थागत र संरचनागत क्षमता अभिवृद्धिलाई दीर्घकालीन लक्ष्य बनाउनु आवश्यक छ । यो पृष्ठभूमिमा नेपालमा नीति निर्माण तथा निर्णय प्रक्रियामा कृषकको सहभागिता कसरी बढाउन सकिन्छ र यसका लागि के-कस्तो कानुनी संरचना जरूरी हुन्छ भन्ने विषयमा छलफलको आवश्यकता देखिन्छ ।

कृषि पेशाको विकासको प्रक्रिया मानव सभ्यताको विकासक्रमसँगै भएको मानिन्छ । यो कुनै यान्त्रिक आविष्कारबाट विकसित भएको पेशा होइन; बरू प्राकृतिक स्रोत र सम्पदासँग मानिसहरूको अनवरत अन्तर्क्रियाको प्रतिफल हो ।


everestuncensored.org

## कृषकको परिभाषा र कृषिको उद्भव

*अक्सफोर्ड एड्भान्सड लर्नर्स डिक्सनेरीले* अन्नबाली उत्पादन र पशुपालनका लागि प्रयुक्त जमीन र त्यसमा रहेका घरहरूको व्यवस्थापन गर्ने व्यक्तिलाई कृषक भनेको छ । त्यस्तै दीगो विकासको लागि संयुक्त राष्ट्रसंघीय वातावरण तथा विकास सम्मेलनले जारी गरेको एजेण्डा २१ ले कृषिमा संलग्नलगायत माछा मार्ने र वन जङ्गलबाट जीविकोपार्जन गर्ने सबै ग्रामीण जनतालाई कृषकको रूपमा परिभाषित गरेको छ र माछा मार्ने तथा जडिबुटी, वनपैदावार र जैविक स्रोतहरूको संकलन गर्ने कार्यसमेतलाई कृषि कार्यको दायराभित्र पारेको छ ।

नेपालमा विभिन्न ऐनहरूले आफ्नो प्रयोजनका लागि अलग-अलग ढंगले "कृषक" शब्दलाई परिभाषित गरेका छन् । नेपाली बृहत् शब्दकोषले खेतीपातीको काम गरेर जीविकोपार्जन गर्ने व्यक्तिलाई कृषक भनेको छ । भूमिसम्बन्धी ऐन, २०२१ ले खेतीमा लागेको व्यक्तिलाई कृषकको रूपमा परिभाषित गरेको छ । बिरूवाको जात संरक्षण तथा कृषक अधिकारसम्बन्धी विधेयकले चाहिँ यसको परिभाषालाई अलि विस्तृत बनाएको छ । यसले आफ्नो वा अर्काको जग्गामा आफैं वा मजदुर लगाई खेती गर्ने वा व्यक्तिगत वा सामूहिक रूपमा बिरूवाको जात वा प्रजातिलाई संरक्षण र सम्बर्द्धन गर्ने महिला, पुरूष, आदिवासी जनजाति र स्थानीय समुदायका साथै प्रचलित कानुन बमोजिम कृषकद्वारा स्थापित संस्थासमेतलाई कृषकको रूपमा व्याख्या गरेको छ । यसप्रकार माथिका परिभाषालाई एकीकृत गरी हेर्दा अनादीकालदेखि प्राकृतिक स्रोतको व्यवस्थापन, संरक्षण र दीगो उपयोग गरेको आधारमा कृषकलाई परिभाषित गरिएको देखिन्छ । प्राकृतिकरूपमा उपलब्ध आनुवंशिक विविधतालाई निरन्तररूपमा वातानुकूलित र रूपान्तरण गर्दै आएका व्यक्तिलाई नै कृषक भनेर व्याख्या गर्न खोजिएको छ ।

कृषि पेशाको विकासको प्रक्रिया मानव सभ्यताको विकासक्रमसँगै भएको मानिन्छ । यो कुनै यान्त्रिक आविष्कारबाट विकसित भएको पेशा होइन; बरू प्राकृतिक स्रोत र सम्पदासँग मानिसहरूको अनवरत अन्तर्क्रियाको प्रतिफल हो । मानव विकासको इतिहासअनुसार घुमन्ते र फिरन्ते जीवनको परिस्थितिबाट व्यवस्थित बसोबासतिर मोडिदै गएपछि खेती लगाउने र स्याहार्ने परम्पराको आरम्भ भएको मानिन्छ । समय-क्रमसँगै आफ्नो खाद्यान्न आवश्यकता परिपूर्तिका अतिरिक्त आफूसँग नभएको अन्य प्रकारका आवश्यकता पूरा गर्न आफूसँग भएको खाद्यान्न साट्ने चलन आरम्भ भयो र त्यसपछि क्रमशः कृषि कार्यले एउटा पेशाको रूप धारण गर्दै गयो ।

संसारमा खेतीपातीको आरम्भ मानिसहरूले आफ्नो आहाराका लागि गरेको खाध्यान्नको खोजीबाट भएको मानिन्छ । आदीकालका मानिसहरू जंगलमा भेटिएका वनस्पतिहरू खाने गर्दथे । पछि यस्तो जोखिमपूर्ण प्रयोगका आधारमा उचित ठहरिएका वनस्पतिको खेती गर्न थाले । प्रकृतिसँगको मानिसको यस्तो प्रकारको अन्तरक्रियाको लामो श्रृंखलापछि समुदायको कृषिसम्बन्धी आफ्नै खालको परम्परागत ज्ञान एवं प्रकृतिसँग छुट्टै प्रकारको सम्बन्धको विकास भयो । युगौं लामो तर मौलिक प्रयोगका आधारमा विकास भएको यस्तो सम्बन्ध र ज्ञानले कृषि उत्पादन वृद्धि, स्रोतको दीगोपन र संरक्षणका लागि सहयोग पुर्‍याउँदै आएका छन्; आफ्नै परम्परागत ज्ञानको आधारमा कृषकहरूले जैविक विविधताका कतिपय स्रोत र तिनका नयाँ प्रजातिको विकास गर्दै आएका छन्; जङ्गली जातका अन्नबाली तथा दोपाया चौपायाहरूलाई घरेलु बनाएर नयाँ प्रजातिको विकास गर्दै आएका छन् । कृषकको यस्तो क्रियाकलापले कृषि प्रणालीलाई प्राकृतिक स्रोतमुखी र प्राकृतिक स्रोतलाई कृषिमुखी तवरले विकास गर्दै लगेको छ र पारिस्थितिकीय प्रणाली सन्तुलित बनाइराख्न, जैविक विविधताका स्रोतको संरक्षण गर्न र जीवन्तता दिन प्राकृतिक मार्गमार्फत् उल्लेखनीय योगदान गर्दै आएको छ ।

## कृषकको सरोकार, अधिकार र संरक्षणको पक्ष

कृषिले पृथ्वीको कूल भू-भागको एक तिहाई भाग ओगटेको छ र यो विश्वको करीब एक तिहाई जनसंख्याको मुख्य पेशा पनि हो । कृषि क्षेत्र मानिसको सबैभन्दा जरूरीमध्येको खाद्यान्न आपूर्ति गर्ने क्षेत्र हो । अर्को कुरा, हुनत विश्वमा धेरैजसो किसानहरूको वैज्ञानिक कृषि प्रणालीमा पहुँच नभएका कारण उनीहरू परम्परागत ढंगले नै खेती गर्दछन् तर यसरी गरिने परम्परागत खेती प्रणालीले जैविक विविधताको संरक्षण र विकासमा सघाउ पुर्‍याइरहेको हुन्छ । ग्रामीण क्रियाकलापहरू पनि कृषिसँग नै सम्बन्धित हुन्छन् । उल्लेखित क्रियाकलापहरूले नवीकरणीय उर्जाका स्रोतहरूसमेत विकास गरिरहेको हुन्छ ।

यसप्रकार पर्यावरण, पारिस्थितिकीय प्रणाली र जैविक विविधताका सबैजसो अवयवहरू भूमि, जलस्रोत, वनजङ्गल, वन पैदावर, जडिबुटी,

वास्तवमा उल्लेखित विषयका कानुन, नीति तथा योजना निर्माणको प्रक्रियामा किसान समुदायको सहभागिता भएन भने उनीहरूका वास्तवविक एजेण्डामा छलफल नहुने एवं उनीहरूका एजेण्डा कमजोर बन्ने सम्भावना हुन्छ ।



imageshack.us

चरन, वायुमण्डल तथा वातावरण, सार्वजनिक स्थल तथा बाटोघाटो आदि कृषक समुदायका सरोकारका विषय हुन् । त्यसैकारण कृषकको प्रत्यक्ष सरोकार र स्वार्थ गाँसिएको उल्लेखित विषय र कृषक समुदायको हितसँग जोडिएका अन्य विषयसम्बन्धी नीति-नियम तर्जुमा गर्दा कृषकको सहभागिता हुनुपर्दछ भन्ने मान्यता राखिन्छ र सोही अनुसारको संरचनागत सुनिश्चितताको अपेक्षा गरिन्छ । उक्त पक्षलाई अन्तर्राष्ट्रियस्तरमा समेत स्वीकार गरी विभिन्न प्रकारका अन्तर्राष्ट्रिय कानुन तथा सन्धि-सम्झौताको तर्जूमा गरिएका छन् ।

## निर्णय प्रक्रियाका नेपाली कृषकको सहभागिता

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले करीब ३२ प्रतिशत योगदान गरेको छ र कुल सक्रिय जनसंख्याको करीब ७४ प्रतिशत यसै पेशामा आश्रित छन् । आधुनिक विकासको प्रयास थालनी भएको ५ दशक नाघिसकेको भएपनि यहाँको कृषि पेशा कतिपय दृष्टिले अझै प्राचीनयुगीन अवस्थामा नै रहेको छ । उदाहरणका लागि कृषकको प्राकृतिक स्रोत र सम्पदासँगको पलपलको अन्तर्क्रिया चलिरहेको छ; बीउबिजन तथा उत्पादन गरिएका उपज साटासाट गर्ने प्रथा विद्यमान छ; आवश्यक पर्ने खाद्य तथा कृषिजन्य पदार्थ आफैं उत्पादन गर्ने र उत्पादन गर्न नसकेका वस्तु गाँउघरमा साटासाट गर्ने खालको परम्परा कायम छ ।

तर केही समयदेखि नेपाली किसानहरू व्यावसायिक नगदे बालीतर्फ आकर्षित हुन थालेका छन् । सरकारले पनि आधुनिक बीउबिजन, मल तथा विषादीमा किसानको पहुँच बढाउने नीति लिएको छ जसका कारण परम्परागत खालको मल तथा बीउको सट्टामा आधुनिक बीउ, मल र विषादीको प्रयोग क्रमशः बढ्दै गएको छ । यसरी कृषि प्रणालीमा संरचनात्मक परिवर्तत हुँदै आएपनि कृषक समुदायको जीवनस्तरमा भने खासै प्रगति भएको देखिन्न । यसको मुख्य कारण कृषक तथा कृषिसम्बन्धी ऐन-नियम, योजना र कार्यक्रम तर्जूमा गर्दा वास्तविक कृषक समुदायको सहभागिता नभएर हो भन्ने गरिन्छ । वास्तवमा उल्लेखित विषयका कानुन, नीति तथा योजना निर्माणको प्रक्रियामा किसान समुदायको सहभागिता भएन भने उनीहरूका वास्तवविक एजेण्डामा छलफल नहुने एवं उनीहरूका एजेण्डा कमजोर बन्ने सम्भावना हुन्छ । यहाँ कृषि तथा कृषकसम्बन्धी विभिन्न विषयको निर्णय लिने प्रक्रियामा कृषकको सहभागितासम्बन्धी नेपालका नीति, नियम तथा कानुनमा भएका केही प्रबन्धहरूबारे छोटकरीमा उल्लेख गरिएको छ ।

## ऐन/विधेयक

### *बीउबिजन ऐन, २०४५*

यो ऐनलाई २०४५ मा जारी गरेर २०५४ मा पछिल्लो पटक संसोधन गरिएको छ । पछिल्लो संसोधनमा राष्ट्रियस्तरको बीउबिजन समितिको व्यवस्था गरिएको छ जसलाई बीउबिजनसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्ने, बीउबिजनको उत्पादन तथा बिक्रीवितरणको व्यवस्था मिलाउने, गुणस्तर नियमन गर्ने, नयाँ बीउबिजनहरूको अनुमोदन, उन्मोचन र नयाँ जातको बीउबिजनको विशिष्टता, एकरूपता र स्थायित्व परीक्षण गरी प्रजनक अधिकार प्रदान गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायद्वारा निर्धारित बीउबिजनको गुणस्तरलाई अनुमोदन गर्नेलगायतको जिम्मेवारी दिइएको छ । कृषि मन्त्रालयका सचिव अध्यक्ष हुने उक्त समितिका सदस्यहरूमध्ये बीउबिजन उत्पादक र कृषकहरूमध्येबाट एकजना महिलासहित दुईजना सदस्य रहने व्यवस्था गरिएको छ । सरकारले मनोनीत गर्दा उल्लेखित समूहबाट दुवैजना बीउ उत्पादक नै पनि गर्नसक्ने हुँदा सो समितिमा कृषकको सहभागिता सुनिश्चित भएको भन्न सकिने स्थिति चाहिँ छैन ।

### *बीउबिजन नियमावली, २०५४*

बीउबिजन नियमावलीमा विभिन्न उपसमितिको प्रबन्ध गरिएको छ । नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशकको अध्यक्षतामा जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति; कृषि मन्त्रालय योजना महाशाखाका सहसचिवको अध्यक्षतामा योजना तर्जूमा तथा अनुगमन उपसमिति; कृषि विभागका महानिर्देशकको अध्यक्षतामा गुणस्तर निर्धारण तथा व्यवस्था उपसमिति गठनसम्बन्धी व्यवस्था छ । ती प्रत्येक उपसमितिमा नौ-नौ जना सदस्य हुन्छन् । नियमावलीले प्रबन्ध गरेका उल्लेखित उपसमितिहरू प्राविधिक खालका भएकाले सदस्यहरू पनि धेरैजसो प्राविधिक नै हुन्छन् । त्यसैले बीउको उन्मोचन, योजना तथा अनुगमन र गुणस्तर निर्धारणको निर्णय प्रक्रियामा नियमावलीले कृषक समुदायको सहभागितालाई समायोजन गर्न सकेको देखिँदैन ।

### *वन ऐन, २०४९*

वि.स. २०४९ सालमा जारी भएको वन ऐनले देशको वन क्षेत्रलाई सरकारी वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी

बिरूवाको जात संरक्षण र कृषक अधिकारसम्बन्धी विधेयक नेपालको पहिलो कानुनी दस्तावेज हो जसले "कृषक"को स्पष्ट परिभाषा गरेको छ र कृषकको सरोकार भएका विषयमा निर्णय गर्दा कृषक समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न खोजेको छ ।



1.bp.blogspot.com

वनमा विभाजन गरी छुट्टाछुट्टै व्यवस्था गरेको छ । ऐनको परिच्छेद ५ को सामुदायिक वनसम्बन्धी व्यवस्था उल्लेखनीय छ । यो परिच्छेदले स्वीकृत कार्ययोजना बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन र वनपैदावारको मूल्य निर्धारण र बिक्रीवितरण गर्ने अधिकार सामुदायिक उपभोक्ता समूहलाई सुम्पेको छ । तर कतिपय क्षेत्रमा कृषकभन्दा अन्य व्यक्तिहरू उपभोक्ता हुने र निर्णय प्रक्रियामा गैरकृषकले प्रभाव पार्ने भएकोले कृषकका सरोकार र संरक्षणको विषय थप चुनौतीपूर्ण बन्ने देखिन्छ ।

### *आनुवंशिक स्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँडसम्बन्धी विधेयक*

जैविक विविधता महासन्धिको पक्ष राष्ट्र भएको हैसियतले नेपालले तर्जूमा गरेको आनुवंशिक स्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँडसम्बन्धी विधेयक स्थानीय समुदायलाई निर्णय प्रक्रियामा सहभागी गराउने महत्वपूर्ण कानुन हुने देखिन्छ । देशको आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा तिनको उपयोगसम्बन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन गर्नु; व्यावसायिक उपयोग विस्तार गर्नु; र व्यावसायिक लाभको समन्यायिक वितरणलाई सुनिश्चित गर्नु यो विधेयकको मूल ध्येय हो । यस विधेयकले राष्ट्रिय आनुवंशिक स्रोत संरक्षण परिषद्को प्रबन्ध गरेको छ । वन तथा भू-संरक्षण मन्त्रालयको सचिव अध्यक्ष रहने १५ सदस्यीय उक्त समितिमा कृषकको उत्थानमा कम्तिमा १० वर्ष कार्य गरेकाहरूमध्येबाट एकजना सदस्य हुन्छन् । परिषद्ले आवश्यकता अनुसार देशका विभिन्न स्थानमा परिषद्को स्थानीय कार्यालयसमेत स्थापना गर्न सक्दछ । अर्को कुरा, आवश्यकताका आधारमा सरकारले राष्ट्रिय, जिल्ला तथा स्थानीयस्तरमा समेत जैविक विविधता समिति गठन गर्न सक्दछ तर त्यस्तो समितिमा कृषकको कस्तो सहभागिता हुन्छ भन्ने चाहिँ विधेयकमा स्पष्ट छैन ।

### *बिरूवाको जात संरक्षण र कृषक अधिकारसम्बन्धी विधेयक*

बिरूवाको जात संरक्षण र कृषक अधिकारसम्बन्धी विधेयक नेपालको पहिलो कानुनी दस्तावेज हो जसले "कृषक"को स्पष्ट परिभाषा गरेको छ र कृषकको सरोकार भएका विषयमा निर्णय गर्दा निर्णय प्रक्रियामा कृषक समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न खोजेको छ । विधेयक मुलतः बिरूवाका जातमा बौद्धिक सम्पत्तिको अधिकार संरक्षण गर्नमा नै केन्द्रित छ तर यसले जीविकोपार्जनका लागि कृषि कार्यमा संलग्न किसानको बीउ जोगाउने, साटासाट गर्ने, स्थानीय स्तरमा बिक्रीवितरण गर्ने जस्ता परम्परागत अभ्यासलाई कुण्ठित हुन नदिने प्रयाससमेत गरेको छ (कोष्ठक १) । यो विधेयकमा कृषि तथा सहकारी मन्त्रालयका सचिव अध्यक्ष रहने १५ सदस्यीय बिरूवाको जात संरक्षण समितिको ब्यवस्था गरिएको छ जसमा दुई जना कृषक सदस्य रहने व्यवस्था गरिएको छ । साथै बिरूवाको जात संरक्षणको क्षेत्रमा कार्यरत गैरसरकारी क्षेत्रबाट दुई जनालाई पनि समितिको सदस्य बनाइने व्यवस्था गरिएको छ । त्यसैले कृषिसम्बन्धी बालीका जातमा बौद्धिक सम्पत्तिको अधिकार प्रदान गर्दा कृषकको सरोकारले प्रवेश पाउनसक्ने अपेक्षा गर्न सकिन्छ ।

## नीतिहरू

### *राष्ट्रिय बीउबिजन नीति, २०५६*

राष्ट्रिय बीउबिजन नीति, २०५६ बीउबिजनको जातीय विकास तथा सम्बर्द्धनको कार्यलाई विस्तार गरी देशको कृषि क्षेत्रको आधुनिकीरण तथा विकास गर्न तर्जूमा गरिएको नीति हो । यो नीतिले सरकारी निकायले मात्र गर्दै आएको जातीय विकास र सम्बर्द्धनको कार्य गैरसरकारी एवं निजी क्षेत्रका लागि पनि खुला गरिदिएको छ । उन्नत जातका बीउबिजनको विकास गर्दा कृषकका स्थानीय जातको विशेष महत्व हुने कुरालाई समेत यो नीतिले आत्मसात गरेको छ । साथै यातायातको सुविधा नपुगेका दुर्गम पहाडी भेगमा बीउबिजन कार्यक्रमलाई नियमित रूपमा सुचारू गर्न कृषक समूह बनाउने र सोही समूहअन्तर्गत कार्य सञ्चालन कोषको माध्यमबाट बीउबिजन आपूर्तिको समस्याको स्थानीयस्तरमा समाधान गर्ने नीति लिएको छ ।

यो नीति अनुसार नयाँ जातको बीउ सर्वसाधारणको लागि बजारमा ल्याउनु पहिले कृषकको प्रतिनिधिसमेत सदस्य रहेको राष्ट्रिय बीउबिजन समितिबाट स्वीकृति लिनुपर्ने हुन्छ । तर कृषकको प्रत्यक्ष निर्णायक भूमिका र कार्यान्वयन प्रक्रियामा उनीहरूको प्रभावकारी सहभागिता कसरी हुन्छ भन्ने सवाललाई नीतिले स्पष्ट व्याख्या गरेको छैन । उल्लेखित समितिमा निजी तथा गैरसरकारी क्षेत्रको सहभागिताको प्रबन्ध त गरिएको छ तर त्यही माध्यमबाट कृषक नै सहभागी हुन्छन् भन्ने ग्यारेन्टी चाहिँ देखिन्न ।




## *कृषि जैविक विविधता नीति, २०६३*

कृषि जैविक विविधताको संरक्षण, सम्बर्द्धन; कृषकको परम्परागत ज्ञान र सीपको खोज तथा उपयोग एवं हकहितको संरक्षण; कृषिजन्य आनुवंशिक स्रोत तथा पदार्थमा सहज पहुँच र व्यावसायिक उपयोगबाट सिर्जित लाभको समन्यायिक वितरणजस्ता उद्देश्य राखेर कृषि जैविक विविधता नीति २०६३ को तर्जूमा गरिएको छ । यो नीतिले कृषकलाई प्रमुख पक्षको रूपमा स्वीकार गरी कृषक अधिकार संरक्षणको बारेमा उल्लेख गरेको छ तर हरेक तहमा कृषकलाई के-कसरी सहभागी गराउने भनेर स्पष्ट खाका भने दिन सकेको छैन ।

## *जैविक प्रविधि नीति, २०६३*

जैविक प्रविधि नीतिले जैविक प्रविधिसम्बन्धी अनुसन्धान तथा विकास एवं यस क्षेत्रका लागि आवश्यक जनशक्तिको विकासजस्ता कार्य गर्न राष्ट्रियस्तरमा जैविक प्रविधि समन्वय समितिको अवधारणा प्रस्ताव गरेको छ । वातावरण, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा गठन हुने र २३ जना सदस्य रहने यो समितिका धेरैजसो सदस्यहरू विभिन्न मन्त्रालयका सचिवहरू, विश्वविद्यालयका सम्बन्धित पदाधिकारीहरूबाट मनोनयन गरिन्छ । यो समितिमा कृषि उद्यम केन्द्र र उपभोक्ता समूहका प्रतिनिधि रहने व्यवस्था भएपनि कृषकको वास्तविक प्रतिनिधित्वको व्यवस्था भने गरिएको छैन । यसै नीतिमा राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रअन्तर्गत एउटा जैविक प्रविधि वैज्ञानिक समिति गठन गर्ने भनिएको छ । तर उक्त केन्द्रमा जैविक प्रविधिका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने वैज्ञानिकहरू रहने भएकोले कृषकको प्रतिनिधित्व हुने देखिन्न ।

## *विभिन्न समितिहरू*

नेपालमा कृषि तथा कृषकसम्बन्धी नीति निर्माण तथा तिनको कार्यान्वयन गर्न एवं उल्लेखित विषयमा विभिन्न खालका निर्णय गर्नका लागि सरकारी र अन्य सरोकारवालाहरू रहेका राष्ट्रियस्तरका तथा स्थानीयस्तरका विभिन्न समितिहरू रहेका छन्; बन्दै गरेका नयाँ कानुनमा पनि त्यस्ता समितिहरूको परिकल्पना गरिएका छन् । त्यस्ता खालका समितिहरूमध्ये केही समितिमा भएका प्रावधानबारे तल चर्चा गरिएको छ ।

## *जैविक विविधता राष्ट्रिय समन्वय समिति*

नेपाल सरकारले जैविक सुरक्षा रणनीति तर्जुमा गरी लागू गरेको छ । उक्त नीतिको कार्यान्वयनका लागि वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गत १३ सदस्यीय जैविक विविधता राष्ट्रिय समन्वय समिति; तथा वन क्षेत्रको जैविक विविधता, कृषि क्षेत्रको जैविक विविधता, जैविक स्रोतको दीगो उपयोग, आनुवंशिक स्रोत, जैविक सुरक्षा गरी ५ वटा उप-समिति गठन गरिएका छन् । ती सबै समिति र उप-समितिका धेरैजसो सदस्यहरू विभिन्न मन्त्रालयका सम्बन्धित अधिकारीहरूमध्येबाट मनोनयन गरिन्छन् । जिल्लास्तरमा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा ११ जना सदस्य रहने जिल्ला जैविक विविधता समन्वय समितिको व्यवस्था छ । उक्त समितिको सदस्यहरूमा जिल्लास्थित वन, कृषि, संरक्षित क्षेत्र, निकुञ्ज, पशु आदि सम्बन्धी सरकारको स्थानीय कार्यालयका अधिकारीहरू रहने व्यवस्था गरिएको छ । यस समितिमा जिल्ला विकास समितिद्वारा मनोनीत गाउँ विकास समितिका प्रतिनिधिमध्येबाट दुईजना सदस्य रहने व्यवस्था गरिएको छ तर प्रष्टरूपमा कृषकको प्रतिनिधित्व हुने सुनिश्चितता भने गरिएको छैन ।

## *राष्ट्रिय जैविक सुरक्षा समिति*

जैविक सुरक्षासम्बन्धी आवश्यक रेखदेख, निर्देशन र परामर्शको कार्य गर्न वन तथा भू-संरक्षण मन्त्रालयका सचिव अध्यक्ष हुनेगरी यो समितिको

### कोष्ठक १ बिरूवाको जातमा प्रस्ताव गरिएको कृषकका अधिकार

**बौद्धिक सम्पत्तिको अधिकार संरक्षित बिरूवाको जातमा**

- संरक्षित जातको बीउलाई जीविकोपार्जनका लागि जगेर्ना, साटासाट र पुनःप्रयोग गर्न पाउने र ब्राण्ड प्रयोग नगरी बेच्न पाउने अधिकार,
- संरक्षित जातको विकास गर्न कृषकको जात वा परम्परागत ज्ञान वा दुवैको उपयोग गरिएको भए संरक्षित जातको व्यापारिक उपयोगबाट सिर्जित लाभमा समन्यायिक हिस्सेदार बन्न पाउने अधिकार,
- प्रजनकले नयाँ जातको विकास गर्दा पूर्व सुसूचित सहमति र लाभको बाँडफाँडको सम्झौता विना नै माउ स्रोतको प्रयोग गरेको तथा बौद्धिक सम्पत्ति अधिकारको आवेदन गर्दा माउ स्रोतबारे सही जानकारी उल्लेख नगरेको पाइएमा क्षतिपूर्ति पाउने वा सो जातमा आफ्नो स्वामीत्वको दाबी गर्न पाउने तथा प्रजनकको स्वामीत्व खारेजी गराउन पाउने अधिकार,
- प्रजनकले जानीजानी आफ्नो संरक्षित जातको खराब बीउ आपूर्ति गरेको वा बीउ वा त्यसको विस्तार्य पदार्थ झुक्याएर वा गलत सूचना दिएर कारोबारमा ल्याएको कारण कृषकलाई नोक्सानी भएमा उचित क्षतिपूर्ति पाउने अधिकार,
- आफ्नो संरक्षित जातको बीउलाई प्रजनकले आपूर्ति नगरेमा वा आपूर्ति गर्दा गैरप्रतिस्पर्धात्मक विधि अपनाएमा सो बीउउपर पहुँच पाउने अधिकार,

**कृषकको जातमाः**

- कृषकले आफूले प्रयोग, संरक्षण, सम्बर्द्धन गरी विकास गरेको बिरूवाको जात र सम्बन्धित ज्ञान निःशुल्क दर्ता गरी स्वामीत्वको प्रमाणपत्र पाउने अधिकार,
- कृषकको स्वामीत्व भएको जातको विस्तार्य पदार्थ, आनुवंशिक स्रोत र सम्बन्धित ज्ञानको व्यापारिक प्रयोजनको लागि पहुँचमा पूर्व सुसूचित सहमति दिने अधिकार,
- आफ्नो जात, विस्तार्य पदार्थ, आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानको जैविक उपयोगको क्रममा गरिने हरेक चरणको व्यापारिक प्रयोगबारे जानकारी पाउने अधिकार ।

**कोष्ठक २ कृषि जैविक विविधता नीति २०६३ का केही प्रमुख विशेषता**

- कृषि जैविक विविधतामा आधारित भएर कृषकको हित हुने गरी जनसहभागितामूलक पद्धतिद्वारा उत्पादन वृद्धि गर्ने ।
- रोजगारमूलक एवं आयमूलक कार्यक्रमलाई प्राथमिकता दिने ।
- कृषकको ज्ञान र सीपमा आधारित वैज्ञानिक प्रविधि एवं ज्ञानको प्रयोगलाई प्रोत्साहित गर्ने ।
- कृषि जैविक विविधताको संरक्षण तथा सम्बर्द्धनमा आधारित कार्यक्रममा निजी क्षेत्र वा सामुदायिक स्तरको सहभागिता अभिवृद्धि गर्न आन्तरिक स्रोत परिचालन गर्ने एवं निश्चित समयसम्म आर्जित आयमा आर्थिक सहुलियत प्रदान गर्ने ।
- खाद्य र कृषिजन्य आनुवंशिक स्रोतको अभिलेख एवं स्वामीत्वको व्यवस्था, पहुँच, लाभको बाँडफाँड, आदिलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी एकद्वार प्रणालीअन्तर्गत सञ्चालन गर्ने ।
- सरोकारवालाहरूबीच कृषि जैविक विविधताको उपयोगबाट हुने लाभको बाँडफाँडको व्यवस्था मिलाउने ।
- कृषि जैविक विविधताको संरक्षण एवं विकासमा कृषकको महत्वपूर्ण योगदान रहने भएकाले कृषकको अधिकार संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- जैविक विविधतासम्बन्धी परम्परागत ज्ञान, सीप, प्रविधि, आदिको स्वामीत्व कृषकलाई दिने व्यवस्था मिलाउने ।

परिकल्पना गरिएको छ । यस समितिमा एक जना उपभोक्ता समाजको तर्फबाट प्रतिनिधि सदस्य रहने प्रबन्ध गरिएको छ । तर किसान नै रहने निश्चितता चाहिँ छैन; सकेसम्म किसानलाई प्राथमिकता दिने भन्ने मात्र उल्लेख छ । उक्त प्रावधान बमोजिमको प्रतिनिधित्व गराउँदा उपभोक्ता तथा किसानलाई छुट्टाछुट्टै सहभागी गराउने व्यवस्था गर्नुपर्नेमा दुवैलाई एक-अर्काको विकल्पमा राखिएको छ, जुन परिमार्जन गर्नु जरूरी छ ।

## निष्कर्ष

नेपालमा कृषकका प्रत्यक्ष सरोकार रहने विषयमा हुने निर्णय प्रक्रियामा केही अपवादबाहेक कृषक समुदायको सहभागिताको सुनिश्चितता प्रष्टरूपमा भएको देखिन्न । उदाहरणका लागि कीटनाशक विषादी नियमावली, कृषि अनुसन्धान परिषद् ऐन, दुग्ध विकास बोर्ड ऐन, बिरूवाको जात संरक्षण ऐनजस्ता कृषकसँग प्रत्यक्ष सरोकार राख्ने कानुनमा कृषकको प्रतिनिधित्वलाई खास महत्व दिइएको पाइँदैन । बीउबिजन ऐनअन्तर्गतको बीउबिजन समितिमा यस व्यावसायका प्रतिनिधिलाई सदस्यका रूपमा सहभागी गराउने व्यवस्था गरिएको छ तर यसमा सबैभन्दा बढी सरोकार भएको कृषक वर्गको प्रतिनिधित्व भने हुन सकेको छैन ।

विभागस्तर वा प्रशासनिक संयन्त्रमा कुनै खास अवस्थामा विषयगत विशेषज्ञ र कतिपय अवस्थामा सम्बन्धित क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिलाई सहभागी गराइन्छ । तर यो कुनै संस्थागत प्रक्रियाबाट नभई सम्बन्धित कार्यालय प्रमुखको निर्णयका आधारमा हुने गरेको छ । त्यसैले आउँदा दिनमा कृषि र कृषकसँग सम्बन्धित सबै नयाँ कानुनमा कृषकको सहभागिता सुनिश्चित गर्नुपर्छ; साथै माथि उल्लेखित पुराना कानुनमा सापेक्ष परिमार्जन गरी विद्यमान विभाग, निकाय तथा सरकारी कार्यालयले सम्बन्धित सरोकारवालालाई निर्णय प्रक्रियामा सहभागी गराउनु पर्ने व्यवस्था मिलाउनु पर्दछ । कृषकका सरोकार रहने विषयमा केन्द्रदेखि स्थानीयतहसम्मका सबै संयन्त्रहरूमा कृषकका वास्तविक प्रतिनिधि सहभागी हुन पाउने प्रबन्ध गर्नुपर्छ । यो एउटा प्रजातान्त्रिक व्यवस्थाको आधारभूत मान्यता पनि हो । तर कृषकको सहभागिता सुनिश्चित गराउने व्यवस्था गरिएपछि पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्ने खतरा भने अहिले नै देखिएको छ । त्यसको मुख्य कारण कृषक समुदायको हकहित संरक्षण गर्नको निम्ति कार्य गर्ने वास्तविक कृषकहरूको गैरराजनीतिक संगठन नहुनु हो । तसर्थ कृषकहरूको एउटा वास्तविक र प्रभावकारी गैरराजनीतिक संगठनको स्थापना गर्नेतर्फ पनि सम्बन्धित सबैले ध्यान पुऱ्याउनु जरूरी देखिन्छ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade, Economics and Environment–SAWTEE)
पो.ब.नं. १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोन: ४४१५८२४, ४४४४४३८, फ्याक्स: ४४४४५७०
ईमेल: sawtee@sawtee.org, वेब: www.sawtee.org

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

ली-बर्ड (Local Initiatives for Biodiversity, Research and Development–LI-BIRD)
पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा
फोन: ६१-५३५३५७, ५२६८३४, फ्याक्स: ६१-५३९९५६
ईमेल: info@libird.org, वेब: www.libird.org

वि.सं. २०५२ मा स्थापित जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) एक गैर-सरकारी संस्था हो । प्राकृतिक स्रोत, जैविक विविधता र पर्यावरणीय सेवाहरूको अनुसन्धान तथा विकासमा सहकार्य र सहभागितामूलक प्रणालीहरूको अवलम्बनबाट अवसरहरूको सिर्जना गरी गरीब तथा सिमान्तकृत वर्गको जीवनस्तर सुधार गर्दै गरिबी निवारण र सामाजिक न्यायको सुधारमा टेवा पुऱ्याउनु ली-बर्डको मूल उद्देश्य हो । कृषक, कृषक समुदाय तथा समुदायमा आधारित संघ-संस्थादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा नेपालका विभिन्न जिल्लामा यो संस्था कार्यरत छ ।

लेखक कृषि तथा वातावरण कानुनविद् हुन् । कपिराइट: सावती र ली-बर्ड, २०६८, सज्जा: विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रक: सिटी अफसेट प्रेस, ललितपुर । यो नीतिसार IDRC Canada को सहयोगमा सावती र ली-बर्डको संयुक्त पहलमा संचालित तीनवर्षे परियोजना Promoting Innovative Mechanisms for Implementing Farmers' Rights through Fair Access to Genetic Resources and Benefit Sharing Regime in Nepal अन्तर्गत प्रकाशन गरिएको हो । यसमा प्रकाशित विचार तथा मान्यता लेखकके हुन्, सावती र ली-बर्डका नहुन पनि सक्छन् ।